


नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८] काठमाडौं, मार्ग २४ गते २०२५ साल [संख्या ३४

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ को दफा ३ को उप–दफा (१) र दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०२५ साल पौष १ गतेदेखि कृयाशील हुने गरी डोल्पा जिल्ला अदालतको गठन गरेको छ।

खण्ड १४ मिति २०२१–९–२३ अतिरिक्ताङ्क २६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित जिल्ला अदालतको गठन सम्बन्धी सूचनाको देहाय नं. ४० मा उल्लेखित "डोल्पा तथा मुस्ताङ् जिल्ला अदालत" लाई मुस्ताङ् जिल्ला अदालतमा परिणत गरी उक्त जिल्ला अदालतको देहायको इलाका झिकी सो इलाकाहरूलाई डोल्पा जिल्ला अदालतको इलाका तोकिदिएको छ।

छाका सातगाउँ, मौआ, तिब्रीकोटको पूर्वी भाग ।

डोल्पा जिल्ला अदालतको सदर मुकाम दुने सरस्वतीतिर तोकी यस जिल्ला अदालत धौलागिरी अञ्चल अदालतको कार्यक्षेत्र भित्र समावेश गरिएको छ।

आज्ञाले -

रमानन्दप्रसाद सिंह

श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

8422

मदन विभाग, सिंहदरबार

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२४